# National Policy Forum

Educate. Aware. Elevate
Bharatpur-12, Chitwan, Nepal
nationalpolicyforum.com

मिति: २०८२/०१/०२

श्रीमान् दिनेश कुमार थपलिया ज्यू
प्रमुख निर्वाचन आयुक्त
निर्वाचन आयोग, नेपाल

विषयः *राजनीतिक दलसम्बन्धी ऐन संशोधन मस्यौदामाथि टिप्पणी तथा सुझाव पेस गरेको सम्बन्धमा*

महोदय,

कानून समयानुकूल, प्रासंगिक र गतिशील हुनुपर्ने भएकाले यसको समयसापेक्ष संशोधन र परिमार्जन आवश्यक देखिन्छ। यसै सन्दर्भमा, राजनीतिक दलसम्बन्धी ऐन, २०७३ संशोधन गर्न निर्वाचन आयोगले मिति २०८०/११/२९ मा सचिवज्यूको संयोजकत्वमा "राजनीतिक दलसम्बन्धी ऐन संशोधन तर्जुमा समिति" गठन गरी विभिन्न सरोकारवालासँग बृहत अन्तरक्रिया र छलफलमार्फत राय-सुझाव सङ्कलन गरी मस्यौदा तयार पारेकोमा, उक्त मस्यौदालाई आयोगको मिति २०८१/१२/०७ को निर्णयअनुसार आयोगको वेबसाइटमा टिप्पणी तथा सुझावका कागि सार्वजनिक गरिएकोमा हामी नेशनल पोलिसी फोरम आयोगलाई धन्यवाद ज्ञापन गर्न चाहन्छौं।

लोकतान्त्रिक शासन प्रणाली, नीति निर्माण, जनप्रतिनिधित्व र उत्तरदायित्वको आधारशिला राजनीतिक दलहरू नै भएकोले, यस्ता कानुनहरूले दलहरूको दर्ता, सञ्चालन, आन्तरिक लोकतन्त्र, वित्तीय पारदर्शिता तथा निर्वाचन प्रक्रियालगायतका पक्षलाई स्पष्ट र न्यायोचित ढंगले व्यवस्थापन गर्नुपर्छ। तसर्थ, राजनीतिक दलसम्बन्धी कानुनहरूको स्पष्टता, समावेशिता, व्यावहारिकता र संविधानअनुकूलता लोकतन्त्रको सबलीकरणका लागि अत्यावश्यक छ।

# National Policy Forum

Educate. Aware. Elevate
Bharatpur-12, Chitwan, Nepal
nationalpolicyforum.com

नेपालको पछिल्लो राजनीतिक परिप्रेक्ष्य, दलहरूको भूमिकामा आएको परिवर्तन, युवा पुस्ता तथा लैङ्गिक र समावेशी प्रतिनिधित्वको माग, राजनीतिक पारदर्शिता र जवाफदेहिताको अपेक्षाले ऐनको पुनरावलोकनको आवश्यकता अझ सशक्त बनाएको छ। साथै, साना वा क्षेत्रीय दलहरूको अस्तित्व र सहभागिता सुनिश्चित गर्नका लागि पनि संशोधनले समावेशी र व्यावहारिक ढाँचा लिनुपर्छ भन्ने देखिन्छ।

यिनै सन्दर्भलाई मध्यनजर गर्दै, नेशनल पोलिसी फोरमले राजनीतिक दलसम्बन्धी ऐन संशोधन मस्यौदाको सूक्ष्म अध्ययन गरी 'तीन महल सुझावपत्र' तयार पारेको छ, जुन सुझावपत्र यसै निवेदनको साथमा पेस गरिइको छ। यस सुझावपत्र तयार पार्दा फोरमले देशका विभिन्न क्षेत्र, तह, लिङ्ग, उमेर समूह र समुदायका आवाज समेट्ने प्रयास गरेको छ।

उक्त सुझावपत्रले कानुनलाई अझ स्पष्ट, समावेशी, व्यावहारिक र संविधानअनुकूल बनाउन सहयोग पुर्‍याउने विश्वास लिएका छौं। साथै, राजनीतिक दलहरूमा पारदर्शिता, जवाफदेहिता र आन्तरिक लोकतन्त्र प्रवर्द्धन गर्न पनि यसले योगदान गर्नेछ।

अन्त्यमा, यस ऐन संशोधन प्रक्रियालाई पारदर्शी र समावेशी बनाउने आयोगको पहल सराहनीय छ। यस्ता प्रयासहरूले लोकतान्त्रिक शासन प्रणालीलाई सुदृढ बनाउने दिशामा प्रेरणा दिनेछन्। संशोधन प्रक्रियामा आवश्यक सहयोग तथा सहकार्यका लागि हामी नेशनल पोलिसी फोरम प्रतिवद्ध रहेको जानकारी गराउन चाहन्छौं।

सधन्यवाद,

Sadichchha सिलवाल

अधिवक्ता सदिच्छा सिलवाल
नेशनल पोलिसी फोरम
चितवन, नेपाल

# National Policy Forum

Educate. Aware. Elevate
Bharatpur-12, Chitwan, Nepal
nationalpolicyforum.com

**राजनीतिक दल सम्बन्धी ऐन संशोधन मस्यौदा उपर राय सुझाव**

**नेशनल पोलिसी फोरम**

| क्र.सं | हालको व्यवस्था | संशोधन सुझाव | संशोधनको कारण |
|---|---|---|---|
| १ | मस्यौदा विधेयकको दफा २ मा 'अन्य समूह' शब्द समेत थपिएको छ। | 'अन्य समूह' भनी अत्यन्तै सामान्य शब्दावली नराखी संविधानअनुरूप पहिचान भएका पिछडिएका जाति/जनजाति,अल्पसङ्ख्यक, दलित, अपाङ्गता भएका व्यक्ति वा टेन्डर तथा यौनिक अल्पसङ्ख्यक समूहहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने गरी दलको विधानमा स्पष्ट परिभाषा राख्ने। | एक तिहाइ महिलाको व्यवस्था राम्रो पहल हो तर थप उल्लेख "अन्य समूह" भन्ने शब्दावली अत्यन्त व्यापक र अस्पष्ट छ।यसबाट कतिपय समुदाय वा पिछडिएका वर्गहरू समेटिने कि नसमेटिनेमा द्विविधा हुन सक्छ। |

| | | | |
|---|---|---|---|
| २ | मस्यौदा विधेयकको दफा ९ मा उपदफा (१) बमोजिम कारबाही गर्ने सम्बन्धमा दलको विधानमा कुनै निकाय वा पदाधिकारीको व्यवस्था भएको भए सोही निकाय र पदाधिकारीले र त्यस्तो व्यवस्था नभएको भए त्यस्तो दलको केन्द्रीय समितिले कारबाही गर्नुपर्नेछ भनी राखिएको छ। | अनुशासन कारबाहीका लागि 'छानबिन समिति' वा 'विवाद समाधान समिति' जस्ता स्वतन्त्र निकाय अनिवार्य बनाई, कारबाहीका चरण तथा अपिलको प्रक्रिया स्पष्ट राखी सफाइ पेस गर्दा निश्चित समयावधि समावेश हुन पर्ने । | पार्टी विधानमा कारबाही गर्ने निकाय वा पदाधिकारीबारे स्पष्ट व्यवस्था नभएमा केन्द्रीय समिति स्वयं ती सबै अधिकार प्रयोग गर्न सक्छ, जसले निष्पक्षता र जवाबदेहितामा प्रश्न उठ्न सक्छ। आन्तरिक विवाद समाधान गर्ने नियकम निकाय नहुँदा मनोमानी कारबाही हुन सक्ने जोखिम। |
| ३ | मस्यौदा विधेयकको दफा १० 'क' मा एकीकरण भएको दलले एकीकरणको मितिले एक वर्षभित्र महाधिवेशन सम्पन्न गर्नुपर्नेछ भन्ने व्यवस्था थपिएको छ । | दफा १० 'क' लाई यसरी संशोधन गरिनु उचित देखिन्छः "एकीकरण भएको मितिले एक वर्षभित्र महाधिवेशन सम्पन्न गर्नुपर्नेछ। | व्यावहारिक कठिनाइहरू (जस्तैः प्राकृतिक प्रकोप, राजनीतिक अस्थिरता, कानुनी अड्चन आदि) को कारणले समयमै महाधिवेशन गर्न नसक्ने अवस्था आउन सक्ने, |

| | | | |
|---|---|---|---|
| | | तर, कुनै विशेष परिस्थिति सिर्जना भएमा, निर्वाचन आयोगको पूर्वस्वीकृतिमा, यो अवधि अधिकतम ३० दिनसम्म थप गर्न सकिनेछ।" | यस्ता अपवादपूर्ण परिस्थितिमा लचिलो व्यवस्था नभए दलको दर्ता खारेज हुने वा कानुनी अन्योल सिर्जना हुन सक्ने,<br><br>आयोगको पूर्वस्वीकृति सापेक्ष राख्दा दुरुपयोगको जोखिम पनि न्यून हुने हुन्छ। |
| ४ | मस्यौदा विधेयककोदफा १०को (५) मा उपदफा (४) मा पेस व्यायको विवरण आयोगले website मार्फत सार्बजनिक गर्नेछ भनि रखिएको छ। | दलको कामकारबाही तथा आर्थिक विवरण निर्धारित मापदण्डअनुसार अडिट गराएर मात्र आयोगमा जम्मा गर्ने" कानुनी प्रावधान आयोग वा छुट्टै निकायलाई "विदेशी चन्दा/श्रोत सम्बन्धी विस्तृत अनुसन्धान गर्ने" स्पष्ट कानुनी व्यवस्था गरिनु पर्ने | दलले जे विवरण दिए पनि सत्य/असत्य छुट्याउन वास्तविक लेखापरीक्षणको विधि अपर्याप्त। अनियमित वा बेनामी धन आउने खतरा रहे पनि त्यसको निगरानी कसरी गर्ने भन्ने कुरा न्यून।<br>धनश्रोत/चन्दा/अनुदानकति पारदर्शी हुनुपर्ने, विदेशी स्रोत निषेधको कस्तो जाँच हुन्छ, |

| | | | |
|---|---|---|---|
| | | | इत्यादि अस्पष्ट। साथै सम्पत्ति शुद्दिकरण समबन्धी पनि प्रष्ट कानुनी व्यवस्था हुनु पर्ने |
| ५ | (विधेयक दफा १० (२) (६) [मूल ऐन को दफा २०]: " (ढ) बमोजिमको कार्य राजनीतिक दलले गरे नगरेको सम्बन्धमा आयोगले अनुगमन मूल्याङ्कन गरी वार्षिक रूपमा आफ्नो वेबसाइट मार्फत प्रतिवेदन सार्वजनिक गर्नेछ।" | (ढ) बमोजिमको कार्य राजनितिक दलले हरे नहरेको सम्बन्धमा राजनितिक दलहरुले वार्षिक प्रतिवेदन तयार गरी राजनितिक दलको आफ्नो वेवसाइटमा राख्नु पर्ने छ। | १) यो अनुगमन के मात्र सरकारमा रहेका दलहरूका हकमा हुने कि सबै (प्रतिपक्षीले पनि आफ्नो घोषणापत्र अनुसार भूमिका खेल्यो/खेलेन भनी अनुगमन गर्ने ) विधेयकले प्रष्ट पारेको छैन। २) आयोग निष्पक्ष निर्वाचन गराउने संवैधानिक निकाय हो, राजनीतिक दलको नीतिगत प्रदर्शनमा निक्र्यौल दिने निकायको रूपमा उसको भूमिका परम्परागत छैन. ३) निर्वाचन आयोग जस्तो |

| | | | |
|---|---|---|---|
| | | | निकायले सरकार/दलहरूको नीति कार्यान्वयनमा ठिक छ या बेठिक भन्दै रिपोर्ट निकाल्दा त्यसको राजनीतिक दुरुपयोग सम्भावना बढ्छ। ४)आयोग स्वयंले "यो गर्‍यो/गरेन" भनी निर्णय सम्मको मूल्याङ्कन गर्ने भन्दा दलले भनेको कुरा जनतालाई देखिने बनाउने सूत्रधार मात्र बन्नुपर्छ। यसका लागि आयोगले प्रत्येक दलका प्रतिवेदनहरू एकैसाथ आफ्नो वेबसाइटमा राखिदिने र संक्षेपमा तुलना तालिका प्रस्तुत गर्ने जस्तो संयोजनकारी भूमिका खेलोस्। |

| | | | |
|---|---|---|---|
| ६ | मस्यौदा विधेयकको दफा १२ मा आयोगमा दर्ता भएका दलले कम्तिमा ३३% निर्वाचन क्षेत्रमा भाग लिनु पर्ने भनि राखिएको। | दल दर्ता भएका दलहरूलाई निर्वाचनमा सहभागी हुन प्रोत्साहन गरियोस्। न्यूनतम 10% वा 15% जस्तो व्यावहारिक संख्या तोकी साना वा क्षेत्रीय दलहरू पनि सहभागि हुने वातावरण बनाउने। | संविधानद्वारा प्रदत्त राजनीतिक दल स्थापना तथा प्रतिस्पर्धाको स्वतन्त्रता र बहुदलीय सहभागिताको सिद्धान्तविपरीत, एकदमै उच्च प्रतिशत (33%) क्षेत्र अनिवार्य रूपमा लड्नुपर्नेलगायत व्यवस्था साना दलहरू वा क्षेत्रीय आधारका दलहरूको अस्तित्व र राजनीतिक सहभागितालाई गम्भीर रूपमा असर पार्न सक्छ।<br>2) धेरै स्थानीय तह वा क्षेत्रमा संगठन नभएका दलहरूका लागि एकैचोटि यति धेरै क्षेत्रमा उम्मेदवारी दिनु व्यावहारिक नहुने। |
| | | | |

| | | | |
|---|---|---|---|
| ७ | २१. दफा ३४: १) उपदफा (१) मा रहेका "दल त्याग गरेमा " भन्ने शब्दहरुको सट्टा "दल त्याग गरेको कारणले" भन्ने शब्दहरु राखिएका छन्। | "दल त्याग गरेमा वा" भन्ने शब्दहरुको सट्टा "दल त्याग गरेको कारणले" भन्ने शब्दहरु राख्नु भन्दा "दल त्याग गरेमा वा दल त्याग गरेको कारणले" भन्ने शब्दहरु राख्ने। | दल त्याग गरेमा वा दल त्याग गरेको कारणले" भन्ने दुवै शब्दहरु राख्दा देहाएको खण्डमा सूचना दिनु पर्नेछ भन्ने कुराको सार स्पष्ट हुन जान्छ। |
| ८. | २४. ३८क राज्यकोषबाट अनदुान उपलब्ध गराउने: (१) आयोगमा दर्ता भएका राजनीतिक दललाई तोकिएको मापदण्ड बमोजिम नेपाल सरकारले निर्वाचन खर्च तथा दल सञ्चालनको लागी आवश्यक पर्ने रकम राज्य कोषबाट अनुदान स्वरुप उपलब्ध गराउन सक्नेछ। | ३८क लाई हटाउन पर्ने । | देशको वर्तमान राजनीतिक वातावरण, र आर्थिक अवस्थालाई हेर्दा यो असान्दर्भिक र अनावश्यक देखिन्छ।साथै यसले राज्यलाई आर्थिक रूपमा पनि भार सिर्जना गर्दछ। यसले पारदर्शिता र भ्रष्टाचारको सम्भावनामाथि प्रश्न उठाउँछ। नेपालको वर्तमान राजनीतिक परिदृश्य हेर्दा राज्यकोषको पूर्ण रूपमा गलत प्रयोग सावित हुने सम्भावना बोकेको प्रावधान |

Educate. Aware. Elevate
Bharatpur-12, Chitwan, Nepal
nationalpolicyforum.com

| | | | |
|---|---|---|---|
| | | | हो।साथै अनुदान प्रदान गर्ने मापदण्ड र आधार पनि खुलेको छैन। |
| ९. | ३४. दफा ५४:<br>३) उपदफा (४) झिकिएको छ। | दफा ५४ को उपदफा (४) नझिक्ने। | ५४(४) ले कुनै दलले उपदफा (१) बमोजिमको कसूर एक पटकभन्दा बढी गरेमा वा उपदफा (२) बमोजिम दिएको आदेश एक वर्षभित्र पालना नगरेमा वा जरिबाना नबुझाएमा आयोगले त्यस्तो दलको दर्ता दफा १२ बमोजिम खारेज गर्न सक्नेछ भन्ने व्यवस्था छ तर यो उपदफा हटाइयो भने राजनीतिक दलले यस्ता कार्यहरू दोहोर्याउन पाउने भन्ने संकेत दिन सक्छ, र यदि दोहोरियो भने के गर्ने भन्ने प्रावधान पनि अन्योल देखियो। |

| | | | |
|---|---|---|---|
| १० | ३९. दफा ४९ झिकिएको छ। | दफा ४९ झिकाउने खण्डमा राजनीतिक दल चुनावमा एकसाथ आउन र सयुक्त रुपमा निर्वाचनमा सहभागि हुदा चुनाव चिन्ह के राख्ने भन्ने व्यवस्था स्पस्ट रुपमा राख्ने। | के दफा ४९ मा एकल चुनाव चिन्ह लिई निर्वाचनमा भाग लिन सक्ने भन्ने व्यवस्था छ। यसलाई हटाउनाले कुनै पनि राजनीतिक दल चुनावमा एकसाथ आउन र संयुक्त रूपमा निर्वाचनमा सहभागी हुन सक्दैन भन्ने सङ्केत गर्छ। साथै राजनीतिक दल चुनावमा एकसाथ आउन र संयुक्त रूपमा निर्वाचनमा सहभागी हुँदा चुनाव चिन्ह के राख्ने भन्ने पनि स्पष्ट छैन। |
| ११ | मस्यौदा विधेयकको दफा ४० मा महिला को प्रतिनिधित्वक बारेमा मात्र उल्लेख, युवा पुस्ता, सहभागिता बारे प्रभावकारी प्रावधान छैन। | (Youth Quota): “केन्द्रीय समिति, प्रदेश समिति तथा स्थानीय समिति- सबै तहमा कुल पदाधिकारी वा सदस्यको कम्तीमा २०% अनिवार्य रूपमा ४० वर्षमुनिका युवा हुनुपर्ने” | मस्यौदा विधेयक महिलाको प्रतिनिधित्वबारे केही उल्लेख छ, तर युवापुस्ता सहभागिताबारे प्रभावकारी प्रावधान देखिँदैन। उच्च नेतृत्व प्रायः दीर्घकालीन सिनियर नेतामा सीमित |

| | | | |
|---|---|---|---|
| | | कानुनी प्रावधान। 2)पार्टी कोषबाट निश्चित बजेट युवा नेतृत्व विकासमा खर्च गर्ने इत्यादि. 3) हरेक महाधिवेशन वा नियमित समीक्षामा, युवा सहभागिता कसरी बढ्यो भन्ने विवरण सार्वजनिक गर्ने जिम्मेवारी दललाई दिनुपर्छ। | देखिन्छ, युवा नेतृत्व उदाउने अवसर हराइरहेको गुनासो सर्वत्र छ। |